नरहरिनाथ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड–१ कालीकोट असार ३० गते २०७५ साल
प्रमाणिकरण प्रकाशन २०७५ श्रावण १० गते

**भाग–१**
**नरहरिनाथ गाउँपालिका**
**कुमालगाउँ, कालीकोट**
**कर्णाली प्रदेश**

नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम अनुसूची ८ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा १(क) बमोजिम गाउँ प्रहरी सम्बन्धी नरहरिनाथ गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।



CamScanner

**प्रस्तावना** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११को उपदफा २ (१) (क) ले दिएको अधिकार प्रयोग गरी नरहरिनाथ गाउँपालिकाले यो "गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" बनाई लागू गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

ख) यो कार्यविधि नरहरिनाथ गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागू हुनेछ ।

**२) परिभाषा: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–**

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

ग) "गाउँपालिका" भन्नाले नरहरिनाथ गाउँपालिकालाई सम्झनु पर्दछ।

घ) "कार्यालय" भन्नाले गाउँपालिका रहेको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले गाउँपालिकाकोयस कार्यविधि बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

च) "गाउँ प्रहरी" भन्नाले नरहरिनाथ गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

छ) "भत्ता" भन्नाले नरहरिनाथ गाउँपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

ज) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई अर्को बर्षको आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

झ) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ञ) "गाउँ सभा" भन्नाले गाउँपालिकाको सभासम्झनु पर्दछ ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ठ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।



CamScanner

ङ) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।
"गाउँ प्रहरी कर्मचारी" भन्नाले गाउँ प्रहरी हवल्दार र जवानलाई सम्झनुपर्छ ।

## परिच्छेद- २
## गाउँ प्रहरी सेवा गठन

**३) गाउँ प्रहरी सेवाको गठन :**

गाउँपालिकामा गाउँ प्रहरी सेवा समूह रहनेछ । गाउँ प्रहरी सेवाको गठन र त्यसमा रहने गाउँ प्रहरी कर्मचारीहरुको संख्या, तह र पद कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**४) गाउँपालिकामा रहने गाउँ प्रहरीको पद र तह :**

क) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित विवरण पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

ख) गाउँ प्रहरी प्रमुख लगायत गाउँ प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ३
## गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**५) गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :**

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ।

(४) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(५) गाउँ सरसफाइ सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने ।

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा गर्ने ।

(८) विपद्व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना गर्ने कार्यमा सहयोग गर्ने ।



CS CamScanner

(९) अनधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रण गर्ने ।

(१०) छाडा चौपायाको नियन्त्रण गर्ने ।

(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री, पसल, व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाउने । हटाउन लाग्ने खर्च सम्वन्धित धनी व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने।

(१३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचेर कसैले घर कम्पाउण्ड टहरा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण देखिएमा निर्माणकार्य रोक्का गरी कानूनशाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाणपत्रसहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको, मिति सकिएका, खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक, उपभोग गर्ने अन्तिम मिति सकिएको खाद्यवस्तु, तयारी खानेकुरा आदि विक्री गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षीको मासु बिक्री वितरणमा रोक लगाउनअटेर गरेमा जफत गरी नष्टगर्ने साथै जरिवाना समेत गर्न राय पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्नलगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति, विसंगति हटाउने कार्य गर्ने गराउने ।



CamScanner

(२०). गाउँ कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरूबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) इजाजत विना पेशा, व्यवसाय, फर्म, उद्योग, पसल गरेको फेला परेमा दर्ता/नवीकरण गर्न लगाउने ।

(२२) नरहरिनाथ गाउँ क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन, प्रचारप्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

(२३) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम कार्य गर्ने।

(२४). नापतौलका सामग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्यसूची राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, पसल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरूको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने।

(२६) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा प्रदर्शन गरिएको जादु, सर्कसबाट कर उठाउने ।

(२७) यस गाउँपालिकामा मादक पदार्थ र जुवातास लगायतका विकृतिजन्य क्रियाकलापमा पूर्णरुपमा रोक लगाउने ।

(२८) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२९) अरुलाई वाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो अथवा ध्वनी उत्पन्न गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(३०) ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग सञ्चालनमा रोक लगाउने ।

(३१) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने।

(३२) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै योजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) गाउँपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारीलिई जवाफदेहिता समेत बहन गर्ने ।

(३५) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने, गराउने ।



CamScanner

## परिच्छेद- ४
## पदपूर्ति

**६) गाउँ प्रहरीको दरवन्दी सिर्जना प्रकृया :**

१) गाउँपालिकामा रहने गाउँ प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी गाउँकार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

२) सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सृजना गर्नुपर्ने कारण, कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने/नसक्ने अवस्था, आर्थिक पक्ष तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभासमक्ष पेश गर्नु पर्नेछ ।

**७) गाउँ प्रहरीको नियुक्ति हुने पदहरू:**

गाउँ प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ ।

क) गाउँ प्रहरी हवल्दार

ख) गाउँ प्रहरी जवान

**८) नियुक्ति गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले गाउँ प्रहरीको नियुक्ति गर्नेछ ।

**९) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरू :**

गाउँ प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :-

१) दरखास्त आव्हान भएको सालको वैशाख १ गते १८ वर्ष उमेर पुरा भई २४ वर्ष ननाघेको ।

२) योग्यता: गाउँ प्रहरी हवल्दार १०+२ वा सो सरह उत्तीर्ण र गाउँ प्रहरी पदको एस.एल.सी. वा सो सरह उतिर्ण गरेको ।

३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) घटीमा ५ फिट २ इन्च उचाई भएको ।

७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

८) आँखा माइनस् २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकताको प्रमाणपत्र पाएको ।



CamScanner

**१०) पदपूर्ति समितिः** गाउँपालिकाको गाउँ प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) योजना तथा प्राविधिक विकास शाखा प्रमुख - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(घ) नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

(ङ) अध्यक्षले तोकेको प्रतिनिधि - १ सदस्य

गाउँ प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि र गाउँ प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**११) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रम हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सक्नेछ ।

(ख) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारीरिक तन्दुरुस्ती परीक्षा पछि लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(छ) करार सम्झौताका लागि सिफारिश गर्ने ।

(२) खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागी विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी स्थानीयस्तरको पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेछ ।

## परिच्छेद- ५
## विदा

**१२) विदा अधिकारको कुरा होइन्**

(१) गाउँ प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ, साथै आवश्यक परेमा विदामा बसेको



CamScanner

गाउँ प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

**१३) किरिया विदा :**

(१) गाउँ प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ ।

(२) यस्तो किरिया बिदा बस्ने गाउँ प्रहरी कर्मचारीले पुरा तलब, भत्ता र रासन पाउनेछ ।

**१४) सट्टा विदा :** कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने गाउँ प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एक पटकमा सात दिनभन्दा वढी हुने छैन । तर करार सेवामा नियुक्त गाउँ प्रहरी सेवाका कर्मचारीहरुको हकमा करारनामामा उल्लेख भए अनुसारको विदा मात्र पाउनेछ ।

**१५) कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदास्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने गाउँ प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ ।

## परिच्छेद–६
## आचरण

**१६) दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनैपनि प्रकारको असर पर्न सक्ने गरी कुनै गाउँ प्रहरी र निजको परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृति विना स्वदेशी तथा विदेशी सङ्घ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बकस, पुरस्कार, उपहार स्वीकार गर्नु हुँदैन ।

**१७) चन्दा लिन नहुने :** कुनै गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्वस्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा, आर्थिक सहायता माग्न अथवा स्वीकार गर्नु हुँदैन ।

**१८) गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैरसरकारी संघ संस्थाबाट

प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागज प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत गाउँ प्रहरी कर्मचारीलाई वा अन्य व्यक्तिलाई र्गात पत्रपत्रिकालाई जानकारी दिन हुँदैन ।

**१९) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै प्रकाशित लेख गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन ।

**२०) गाउँपालिकाको आलोचना**: गाउँ प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध अथवा गाउँपालिका गाउँबासीमा खलल् पुग्ने गरी भाषण, सम्वाद, लेख रचना प्रकाशन वितरण गर्नु हुँदैन ।

**२१) निर्वाचनमा भाग लिन नहुने** : गाउँप्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्नु हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

**२२) राजनीतिमा भाग लिन नहुने**: गाउँ प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसंग सम्बन्धित सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न, सहयोग गर्नहुँदैन ।

**२३) समय पालना र नियमितता** : गाउँ प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको स्वीकृति नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

**२४) अनुशासन र आज्ञापालन**:

(१) गाउँ प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालना गर्नुपर्दछ ।

(२) गाउँ प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिए आज्ञालाई तदारुकताका साथ पालन गर्नुपर्दछ ।

(३) गाउँ प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

**२५) गाउँ प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने** : प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

## परिच्छेद- ७
## सजाय र पुनरावेदन

**२६) सजाय** : उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।
२. शारीरिक थकाई हुने (फ्याटिग) सजाय गर्ने ।
३. लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।
४. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।
५. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**२७) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने** : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै गाउँ प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा
ख) राजनीतिमा भाग लिएमा
ग) वरावर अनुशासनहिनताको काम गरेमा
घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषी प्रमाणित भएमा
ङ) ड्युटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा बर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिड्‌डेमा वा अशोभनीय कार्य गरेमा
च) भ्रष्टाचार गरेमा
छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा
ज) मनासिव कारण नभई वा विदा नलिई विदा बसेमा वा गैरहाजिर भएमा ।

**२८) सजाय सम्बन्धी कार्यविधि** :

(१) गाउँ प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।
(२) गाउँ प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई

निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो गाउँ प्रहरी कर्मचारीले सजाय गर्ने तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

(३) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै गाउँ प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजाय सूचना दिनुपर्नेछ ।

(४) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित गाउँ प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद -८
## तालिम

**२९) तालिमको व्यवस्था** : गाउँ प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष बनाउन नरहरिनाथ गाउँपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार तालिमहरु दिन सक्नेछ ।

**३०) तालिमको अनिवार्यता** (१) गाउँ प्रहरी सेवामा रहेका सबै गाउँ प्रहरी कर्मचारीहरुलाई सेवा प्रवेश तालिम र आवश्यकतानुसार थप तालिम हुनेछ ।

## परिच्छेद -९
## पोशाक

**३१) गाउँ प्रहरी पोशाक** : गाउँ प्रहरीको पोशाकको रङ, गुणस्तर, किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३२) जाडो मौसमका लागि दिइने पोशाक**: प्रत्येक गाउँ प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि हरेक दुई बर्षको लागि एक सेट पोशाक निःशुल्क उपलव्ध गराइनेछ ।



CamScanner

## परिच्छेद- १०
## विविध

**३३) चाडपर्व खर्च पाउने** : गाउँप्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ।

**३४) अन्य सुविधा तथा व्यवस्था** :

(१) गाउँ प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**३५) कार्यविधि संशोधन**: यस कार्यविधिमा आवश्यक संशोधन नरहरिनाथ गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

आज्ञाले
राम बहादुर सारू
प्रमुख प्रशासकीय अधिकृत
नरहरिनाथ गाउँपालिकाको कार्यालय
कुमालगाउँ कालीकोट

मुद्रित मूल्य रू.१०।-

CamScanner